सर्वोच्च अदालत, संयुक्त इजलास

माननीय न्यायाधीश श्री अनिल कुमार सिन्हा

माननीय न्यायाधीश श्री तिल प्रसाद श्रेष्ठ

आदेश

०७८-WO-१०३०

मुद्दाः <u>परमादेश समेत</u>।

| | |
|---|---|
| काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका, वडा नं. ११, बबरमहल स्थित सार्वजनिक प्रतिरक्षक समाज, नेपाल (PDS-Nepal) को तर्फबाट अधिकार प्राप्त भै आफ्नो हकमा समेत सो संस्थासंग आवद्ध हाल ललितपुर जिल्ला महालक्ष्मी नगरपालिका वडा नं. ५ टिकाथलीमा बसोवास रहेको अधिवक्ता अजय शंकर झा "रुपेश" ..............................................१ | निवेदक |

विरुद्ध

| | |
|---|---|
| नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्री परिषदको कार्यालय, सिंहदरवार..१<br>न्याय परिषद, रामशाह पथ, काठमाडौं ..........................................१<br>केन्द्रीय बालन्याय समितिको सचिवालय, श्रीमहल, ललितपुर ..................१<br>महान्यायाधिवक्ताको कार्यालय, रामशाहपथ, काठमाण्डौं .....................१ | प्रत्यर्थी |

नेपालको संविधानको धारा ४६ तथा १३३(२) बमोजिम दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

<u>रिट निवेदनको संक्षिप्त तथ्य</u>

१. नेपालको संविधानको धारा २०(९) ले "प्रत्येक व्यक्तिलाई स्वतन्त्र, निष्पक्ष र सक्षम अदालत वा न्यायिक निकायबाट स्वच्छ सुनुवाईको हक हुनेछ" भन्ने र ऐ. को धारा

३९(८) ले "प्रत्येक बालबालिकालाई बाल अनुकूल न्यायको हक हुनेछ" भन्ने मौलिक हक प्रत्याभूत गरेको छ। नेपाल पक्ष राष्ट्र रहेको बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ को धारा ४०(३) मा बाल अनुकूलको न्यायको लागि परम्परागत फौजदारी अदातल, प्रकृया वा प्रणाली भन्दा विशेष रुपमा लागू हुने खालका कानून, कार्यविधि, निकाय र संस्थाहरुको निर्माण वा स्थापनामा पक्षराष्ट्रहरुले प्रयास गर्नुपर्ने भनी स्पष्ट उल्लेख गरिएको छ। सामान्य अदालतमा कार्यरत न्यायाधीशले भन्दा पूर्णकालिन रुपमा खटिने न्यायाधीशले बाल अदालतको अधिकारक्षेत्र प्रयोग गर्दा बाल न्याय सम्पादनमा विशिष्टिकरण हुने कुरा अवश्यंभावी छ। नेपालका लागि बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ को अनुमोदन आफैंमा बाल न्याय सम्पादनलाई विशिष्टिकरण गर्ने तर्फको महत्वपूर्ण खुड्किलो र आधार स्तम्भ पनि हो। बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ मा नेपाल पक्ष राष्ट्र भएपछि जारी भएको तत्कालिन बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ५५(१) ले नेपाल सरकारले न्याय परिषद्को सिफारिसमा आवश्यक संख्यामा बाल अदालत गठन गर्न सक्ने, ऐ. को दफा ५५(२) ले प्रादेशिक क्षेत्राधिकार तथा मुकाम तोकी बाल अदालतको गठन गरेको सूचना नेपाल राजपत्रमा प्रकाशन गरिने, ऐ.को उपदफा (३) मा बाल अदालतको गठन नभएसम्मको लागि प्रत्येक जिल्ला अदालतमा बाल इजलास गठन गरिने भन्ने समेतको कानूनी व्यवस्थाहरु भएको देखिंदा बाल इजलासबाट बाल न्याय सम्पादन गर्ने कानूनी व्यवस्था आफैंमा तत्कालिक वा कामचलाउ व्यवस्था हो भन्ने देखिए तापनि बालबालिका सम्बन्धी ऐन, २०४८ रहेसम्म नै बाल अदालत गठन गरिएन। सो पश्चात जारी भएको बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ३०(१), (२) र (३) ले पनि उक्त तत्कालिन बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ५५(१), (२) र (३) को व्यवस्थालाई शब्द संरचनामा सामान्य परिवर्तन गरी बाल अदालत गठन गर्ने मुख्य दायित्व नेपाल सरकारको रहने र विपक्षी न्याय परिषद्को सिफारिशमा नेपाल सरकारले उक्त भूमिका निर्वाह गर्ने कुरालाई स्पष्ट उल्लेख गरे तापनि हालसम्म बाल अदालत गठन नहुँदा बाल न्याय सम्पादनलाई विशिष्टिकृत र प्रभावकारी तुल्याउने, बालबालिकाको हक (मौलिक हक) को कार्यान्वयनमा टेवा पुऱ्याउने बालबालिका सम्बन्धी ऐन, २०७५ को मूल उद्देश्य

कार्यान्वयनमा थुप्रै प्रतिकूलता र कमजोरीहरु पनि देखा पर्ने गरेका छन्। बाल इजलासबाट न्याय सम्पादन गर्दा देखा परेका उक्त कमजोरी र प्रतिकूलताहरु न्युनिकरण गर्न पूर्णकालीन न्यायाधीशहरुबाट बाल न्याय सम्पादन गरिने बाल अदालतको गठन यथाशिघ्र गर्दै जान उचित हुने भएकाले बालबालिका सम्बन्धी ऐन, २०७५ मा उल्लेखित स्पष्ट कानूनी व्यवस्था अन्य मापदण्डका अतिरिक्त कम्तिमा विगत ३ आर्थिक वर्षहरुमा १०० वा सो भन्दा बढी बालबालिका संलग्न मुद्दाहरु भएका जिल्लाहरुमा यथाशिघ्र शुरु तहको बाल अदालत गठन गर्न, विगत ३ आर्थिक वर्षहरुमा १०० वा सो भन्दा कम बालबालिका संलग्न मुद्दाहरु भएका जिल्लाहरुमा अहिले नै बाल अदालत गठन नगरिने भए त्यस्ता जिल्लाहरुको बाल इजलासका लागि ऐनमा उल्लेख भएको ३ सदस्यहरुको उपस्थितिमा मात्र बाल इजलासको कामकारवाही अगाडी बढाउन सक्ने व्यवस्थाको अनिवार्य पालना गर्न गराउन, शुरु तहको बाल अदालतको अधिकारक्षेत्र प्रयोग भई भएका सुरु कारवाही, सुनुवाई र किनारा (फैसला) उपर पुनरावेदन सुन्ने पुनरावेदकीय बाल अदालतको गठन गर्न र बाल न्याय सम्पादनलाई थप विशिष्टीकृत, प्रभावकारी र असल अन्तर्राष्ट्रिय अभ्यासमैत्री तुल्याउनका लागि विपक्षीहरुको नाममा परमादेशको आदेश तथा आवश्यक र उपयुक्त निर्देशनात्मक आदेश समेत जारी गरी पाऊँ भन्ने सार्वजनिक प्रतिरक्षक समाज नेपालको तर्फबाट अधिकार प्राप्त भई आफ्नो हकमा समेत सो संस्थामा आवद्ध अजय शंकर झा "रुपेश" को तर्फबाट यस अदालतमा पर्न आएको रिट निवेदन।

२. यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? आदेश जारी हुनु नपर्ने भए आधार कारणसहित यो आदेश प्राप्त भएका मितिले बाटाका म्यादबाहेक १५(पन्ध्र) दिनभित्र महान्यायाधिवक्ताको कार्यालय मार्फत लिखितजवाफ पेस गर्नू भनी विपक्षीहरुका नाममा यो आदेश र रिट निवेदनको प्रतिलिपि साथै राखी म्याद सूचना जारी गरी लिखितजवाफ परे वा अवधि नाघेपछि नियमानुसार पेश गर्नू। साथै, बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ५५ मा नै बाल अदालत गठन सम्बन्धी कानूनी व्यवस्था भएको र सो ऐनको प्रावधान अनुसार बाल अदालतको गठन गर्नु भनी परमादेश जारी गरी पाउन यस अदालतमा परेको

अधिवक्ता सन्तोषकुमार महतो विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयसमेत भएको परमादेशसमेत मुद्दामा यस अदालतबाट "बालअदालत गठन नभएसम्मका लागि गरिएको बालइजलास स्थायी संरचना होइन। मूल संरचना अर्थात् बाल अदालततर्फ उन्मुख नभई बाल इजलास मात्र स्थापना गरी सरकारको कर्तव्य पूरा भएको मान्न मिल्दैन। ऐनले नै बालअदालत गठन गर्नुपर्ने कुरालाई प्राथमिकता क्रममा अगाडि राखी सकेको र सो गठन गर्नेतर्फ पाँचवर्ष अगाडि नै लिखित प्रतिवद्धता समेत व्यक्त भइसकेको परिप्रेक्ष्यमा बाल इजलास गठन सम्बन्धी अल्पकालीन प्रबन्धले सरकारको दायित्व पूरा भएको मान्न मिल्दैन। बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५५(१) मा उल्लेख भएअनुसार बाल अदालत स्थापना गर्नुपर्ने दायित्व श्री ५ को सरकारको नै देखिएकोले सो कानूनी व्यवस्था बमोजिम बाल अदालत स्थापना गर्ने कार्य शीघ्र अगाडी बढाई त्यसको कारवाहीको जानकारी यस अदालतको अनुगमन तथा निरीक्षण महाशाखा मार्फत मातहतको निर्णय कार्यान्वयन शाखालाई गराउनू भनी विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेतका नाउँमा तथा बाल अदालत स्थापना सम्बन्धी कारबाहीको प्रभावकारी अनुगमन गर्नू भनी यस अदालतको अनुगमन तथा निरीक्षण महाशाखा मातहतको निर्णय कार्यान्वयन शाखाका नाउँमा निर्देशनात्मक आदेश जारी हुने भनी मिति २०६२।०८।०९ मा फैसला भएको (ने.का.प. २०६२ अंक ८ नि.नं. ७५७८) देखिन्छ । बालबालिका सम्बन्धी ऐन, २०७५ आउँदासम्म उक्त फैसला कार्यान्वयन नभएको र बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ३० मा समेत अदालत गठन सम्बन्धी व्यवस्था रहेको तर ऐन लागू भएदेखि आजको मितिसम्म बाल अदालत गठन नभएकाले ऐनको उक्त प्रावधानको कार्यान्वयन गराई पाउन सार्वजनिक प्रतिरक्षक समाज नेपालको तर्फबाट अधिवक्ता अजयशंकर झा "रुपेश" को यस सम्बन्धमा यस अदालतबाट फैसला भएको १६ वर्षपछि प्रस्तुत निवेदन पर्न आएको देखियो। आजभन्दा ३० वर्ष अगाडि ल्याइएको कानूनी प्रावधान लागू नभै रहेको यस स्थितिलाई मनन गर्दा प्रस्तुत निवेदन उपर शिघ्र सुनुवाई हुनु अनिवार्य भएको देखिएकाले सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ७३ बमोजिम विपक्षीहरुबाट लिखित जवाफ परेपछि वा म्याद

व्यतित भएपछि १ (एक) महिनाभित्र पेशी तोकी नियमानुसार गर्नू भन्ने यस अदालतबाट मिति २०७८।१२।०२ मा भएको आदेश।

३. बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ लाई नेपालले अनुमोदन गरे पश्चात बालबालिका सम्बन्धी ऐन, २०४८ जारी भएको हो। उक्त ऐनले कानूनसंगको द्वन्दमा परेका बालबालिकाहरुसँग सम्बन्धित मुद्दा हेर्न छुट्टै बाल अदालतको गठन गर्ने कानूनी व्यवस्था गरेको थियो। उक्त बालबालिका सम्बन्धी ऐन, २०४८ जारी भएको तीन दशक बितिसक्दा पनि बाल अदालत गठन भएको छैन। बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ३०(१) मा बालबालिकाले गरेको कसूरजन्य कार्यको सुरु कारबाही, सुनुवाई र किनारा गर्न नेपाल सरकारले न्याय परिषद्को सिफारिसमा आवश्यक संख्यामा बाल अदालत गठन गर्न सक्नेछ भन्ने कानूनी व्यवस्था रहेको छ। उल्लिखित कानूनी व्यवस्था बमोजिम नेपाल सरकारबाट बाल अदालत गठनको लागि न्याय परिषद्मा सिफारिस माग भै आएको भनी रिट निवेदकले निवेदनमा उल्लेख गर्न सकेको नदेखिंदा न्याय परिषद्को हकमा प्रस्तुत रिट निवेदन खारेज गरिपाऊँ भन्ने न्याय परिषद, रामशाहपथ, काठमाण्डौंको लिखित जवाफ।

४. महान्यायाधिवक्ताको बार्षिक प्रतिवेदन २०७७/७८ मा "बाल अदालतको स्थापना नभएसम्मका लागि बाल इजलासबाट बालबालिका सम्बन्धी विवादको निरुपण गर्ने व्यवस्था गरिएको कुरा अनन्तकाल सम्म कायम गर्न उचित र औचित्यपूर्ण हुँदैन। वाल इजलासमा रहने न्यायाधीशले जिल्ला न्यायधीशको रुपमा अन्य कानूनी विवाद हेर्नु पर्ने हुन्छ र पर्याप्त मात्रामा बालबालिका सम्बन्धी बिषय हेर्न र अध्ययन गर्न कठिन हुन्छ। तसर्थ, बालबालिका सम्बन्धी ऐन, २०७५ ले गरेको व्यवस्था अनुसार बाल अदालतको स्थापनाको कार्यलाई कानूनमा नै अवधि तोकी कार्यान्वयन गरिनु पर्दछ" भनि सुझाव समेत पेश गरिएको छ। बाल अदालत स्थापना गर्ने कार्यमा प्रत्यक्ष रुपमा महान्यायाधिवक्ताको कार्यालयको जिम्मेवारी नरहे पनि वाल अदालतको स्थापनाका लागि आवश्यक पहल गरिरहेको तथ्य उक्त अध्ययन प्रतिवेदन समेतले देखाएको छ। बाल अदालतको गठन गर्ने कुरा कानूनले स्वीकार गरिसकेको र नेपाल सरकारले न्यायपरिषद्को सिफारिसमा आवश्यक संख्यामा गठन गर्ने विषय भएकोले यस कार्यालयलाई विपक्षी बनाई दायर गरिएको रिट निवेदन खारेजभागी भएकोले

खारेज गरी पाऊँ भन्ने महान्यायाधिवक्ताको कार्यालय, रामशाहपथ, काठमाण्डौंको लिखित जवाफ।

५. सर्वोच्च अदालतबाट बाल अदालत गठन गर्ने सम्बन्धमा निर्देशनात्मक आदेश जारी भइसकेकोले सो कार्यान्वयन गर्नेतर्फ सरोकारवालाहरु अग्रसर र उन्मुख हुनुपर्नेमा बाल अदालत गठन गर्ने अख्तियार नभएको यस केन्द्रीय बाल न्याय समितिलाई प्रत्यर्थी बनाइएको, धेरै जिल्ला अदालतका माननीय न्यायाधीशहरुले पदीय हैसियतमा गरेको कार्य सम्पादन प्रति अशोभनीय प्रस्तुती देखाइएको रिट निवेदन त्रुटिपूर्ण छ। बालबालिका सम्बन्धी ऐनले बाल अदालतको परिकल्पना गरेको र सर्वोच्च अदालतले बाल अदालत गठन गर्नुपर्ने भनी निर्देशनात्मक आदेश जारी गरिसकेको अवस्थामा उक्त ऐन, सर्वोच्च अदालतबाट जारी भएको आदेशको मर्म र भावना अनुरुप हुनुपर्ने यस केन्द्रीय बाल न्याय समितिको दृष्टिकोण रहेको ब्यहोरा अनुरोध छ भन्ने केन्द्रीय बाल न्याय समिति सचिवालयको लिखित जवाफ।

६. संविधान बमोजिम न्याय सम्पादनको अधिकार प्राप्त निकाय न्यायपालिकाबाट भएको न्याय सम्पादनको विषयलाई निवेदकले अन्यथा भन्न मिल्दैन। कानूनले नै बाल अदालत गठन नभएसम्म बाल इजलास गठन गर्न सकिने व्यवस्था गरेको र बाल अदालत गठन गर्नु अघि बाल अदालत सम्बन्धी कानूनी एवम् कार्यविधिगत व्यवस्था नभएसम्मको लागि निवेदकले जिकिर लिए अनुसार तत्कालै बाल अदालत गठन गर्न मिल्ने अवस्था रहँदैन। बालबालिकाबाट हुन सक्ने कसूरजन्य कार्यको सङ्ख्या, हालसम्म गठन भएका कानून र न्यायवेत्ता सम्मिलित बाल इजलासबाट भएका काम कारबाहीको प्रभावकारिता समेतलाई मध्यनजर गरी नेपाल सरकारले आवश्यकता र औचित्यको आधारमा आवश्यक कानूनी र कार्यविधिगत व्यवस्था गरी बाल अदालत गठनको प्रक्रिया अगाडि बढाउन सक्ने नै देखिन्छ। बाल इजलासबाट भएको बाल न्याय सम्पादनको कार्य प्रभावकारी नभएको भन्ने कुनै स्पष्ट आधार समेत प्राप्त हुन नआएको अवस्थामा एक दुई अदालतबाट भएका निर्णय एवम् आदेशलाई लिएर बाल इजलास प्रभावकारी नभएको भनी निवेदकले लिएको जिकिर तर्कसङ्गत र कानून सम्मत छैन। प्रचलित बालबालिका सम्बन्धी ऐन, २०७५ बमोजिम गठन भएका बाल इजलासले बाल अदालतलाई तोकिएको अधिकारक्षेत्र ग्रहण गरी काम कारबाही

अगाडी बढाउँदै आएको छ। बाल अदालतलाई भएको अधिकारक्षेत्र प्रयोग गर्दै सोही अदालतले अपनाउने प्रक्रिया बमोजिम बाल इजलासबाट न्याय सम्पादन गर्दै आएको अवस्थामा छुट्टै बाल अदालत गठन हुनुपर्छ भन्ने निवेदकको रिट निवेदन खारेजभागी हुँदा खारेज गरी पाउँ भन्ने समेत व्यहोराको नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको लिखित जवाफ।

७. यसमा साबिकको बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ५५ मा बाल अदालत गठनको व्यवस्था गरिएकोमा उक्त ऐन खारेज गरी हाल प्रचलित बालबालिका सम्बन्धी ऐन, २०७५ जारी हुँदाको अवधिसम्म पनि बाल अदालत गठन हुन नसकेको यथार्थ हामीसँग छ। बालबालिका सम्बन्धी ऐन, २०४८ मा रहेको बाल अदालत गठन सम्बन्धी व्यवस्था कार्यान्वयनका लागि यस अदालतबाट २०५४ सालको रिट नं. २९८२ र २०६१ सालको विशेष रिट नं. ६० मा मिति २०६२/०८/०९ मा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको नाममा बाल अदालत गठन गर्नू भनी आदेश भइसकेको पनि देखिएको छ। यसैबीच हाल २०७५ सालमा जारी भएको बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ३० ले पनि बाल अदालत गठनको साबिकको व्यवस्थालाई निरन्तरता दिएको देखिएको छ। यो नयाँ ऐन जारी भएको पनि हाल ४ वर्ष बितिसकेको अवस्था रहेको र सोही व्यवस्था कार्यान्वयनका लागि पर्न आएको प्रस्तुत ०७८-WO-१०३० को रिट निवेदनमा लिखित जवाफ प्राप्त हुँदा अझ पनि बाल अदालत गठनका सम्बन्धमा नेपाल सरकारका तर्फबाट कुनै तयारी भइरहेको वा यति अवधिसम्ममा बाल अदालत गठनको तयारी पूरा हुने भन्ने किसिमको कुनै योजना र प्रतिवद्धता व्यक्त हुन आएको पाईंदैन। बाल अदालत गठन नभएसम्म बाल अदालतबाट सम्पादन हुने काम कारवाहीका लागि बाल इजलास गठन गरिने व्यवस्था रहेको र सो बमोजिम हाल बाल इजलास गठन भई काम कारवाही सम्पादन भइरहेको तथ्यतर्फ यो इजलास सचेत छ। तर यस्तो बाल इजलासको व्यवस्था बाल अदालत गठन नभएसम्मको तत्कालको आवश्यकतालाई सम्बोधन गर्न मात्र गरिएको अस्थायी प्रबन्ध हो भनेर बुझ्नु पर्ने हुन्छ। नेपालको संविधानको धारा ३९(८) मा प्रत्येक बालबालिकालाई बाल अनुकूलको न्यायको हक हुने व्यवस्था गरिएको देखिएको र सोही मौलिक हक

कार्यान्वयनको लागि भनी जारी गरिएको बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ३० मा बाल अदालत गठनको व्यवस्था गरिएको सन्दर्भमा बाल अदालत गठनको विषयलाई गरे पनि हुने र नगरे पनि हुने भन्ने किसिमबाट सरकारको बिलकूल स्वेच्छाको विषयको रुपमा लिन मनासिव हुने देखिँदैन। त्यसैले यस अदालतबाट भएको पूर्व आदेशहरु तथा बालबालिका सम्बन्धी ऐन, २०४८ र २०७५ ले परिकल्पना गरे अनुरुपको बाल अदालत गठन गर्ने सम्बन्धमा २०४८ सालदेखि हालसम्म के कस्तो योजना बनेको छ, कुनै योजना बनेको भए योजना कार्यान्वयनका लागि के कस्तो तयारी भएको छ, अब के कति अवधिसम्ममा बाल अदालत गठन हुन सक्ने हो ? सो सम्बन्धी सम्पूर्ण अध्ययन र विवरण लिई प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयका सचिवलाई अन्य सम्बन्धित मन्त्रालयका पदाधिकारीहरु सहित यस अदालतमा हुने छलफलमा उपस्थित हुन सूचना पठाई अब हुने सुनुवाईलाई अग्राधिकार दिई छलफलको दिन तोकी यसै इजलासमा हेदहिर्दैमा राखी नियमानुसार पेश गर्नुहोला भन्ने समेत बेहोराको यस अदालतको मिति २०७९।०५।१५ को आदेश।

९. यस अदालतको मिति २०७९।०५।१५ को आदेशानुसार बाल अदालत गठनको सम्बन्धमा भएका तयारी र योजनाका सम्बन्धमा नेपाल सरकारका तर्फबाट भएका प्रयासहरुका सम्बन्धमा आज उपस्थित सचिवहरुबाट यस इजलासले जानकारी प्राप्त गर्ने कार्य सम्पन्न भयो। आजको छलफलबाट बाल अदालतको गठन सम्बन्धी थप कार्ययोजना र तयारी गर्न कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयंका सचिवलाई समन्वयको जिम्मा दिँदा यस सम्बन्धी कार्यहरुको प्रभावकारिता बढ्ने बिचार व्यक्त हुन आएको हुँदा बाल अदालत गठनको कार्ययोजना तयार गरी बाल अदालत गठनको कार्य सम्पन्न गर्ने कार्यमा जो जे गर्नुपर्ने हो सो को समन्वय गर्ने जिम्मा कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका सचिवले लिई सो सम्बन्धी कार्यको प्रगति विवरण लिई अन्य मन्त्रालय र निकायका सम्बन्धित पदाधिकारीहरु सहित प्रस्तुत मुद्दाको पेशीको दिन छलफलका लागि इजलासमा उपस्थित हुन मिति २०७९/०९/२४ गतेको हेर्दा हेर्दैमा पेशी तोकी कानून, न्याय तथा संसदीय मामिला

मन्त्रालयका सचिव र विपक्षीहरुलाई जानकारी दिई नियमानुसार पेश गर्नू भन्ने यस अदालतको मिति २०७९।०७।२० को आदेश।

१०. यसमा प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयका सचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयका सहसचिव, महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयका सहसचिव र कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका सहसचिवबाट बाल अदालत गठनको प्रक्रियामा हालसम्म भएका अध्ययन र तर्जुमा भएको कार्ययोजना सम्बन्धी विवरण सुनियो। आज जानकारी गराइएको कार्ययोजना र भएको छलफलबाट अबको २ महिना सम्ममा बाल अदालत स्थापना गर्ने निर्णय गर्ने सम्मको कार्य सम्पन्न हुन सक्ने जानकारी गराउनु भएको हुँदा आज यस इजलासलाई जानकारी गराईए अनुसारको कार्ययोजना बमोजिमको कार्य सम्पन्न गरी कार्य प्रगति विवरण लिई मिति २०७९।१२।०२ गते उपस्थित हुन सम्बन्धित मन्त्रालयका सचिवहरुलाई जानकारी गराई प्रस्तुत मुद्दा मिति २०७९।१२।०२ का लागि हेदहिर्दैमा पेशी तोकी नियमानुसार पेश गर्नू भन्ने यस अदालतको मिति २०७९।०९।२४ को आदेश।

११. यसमा आज सुनुवाईको क्रममा निवेदकको तर्फबाट उपस्थित विद्वान् अधिवक्ताहरु तथा विपक्षी तर्फबाट उपस्थित विद्वान सहन्यायाधिवक्ताले गर्नु भएको बहस सुनी यस अदालतको मिति २०७९।०५।१५ को आदेशानुसार उपस्थित कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका सचिव, महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयका सचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका सहसचिव, प्रधानमन्त्री तथा मन्त्रीपरिषद् कार्यालयका उपसचिवले बाल अदालत गठनका सम्बन्धमा भइरहेको पछिल्लो प्रयास एवं प्रगतिका सम्बन्धमा जानकारी गराउनु भयो। आज उपर्युक्त मन्त्रालयहरुका तर्फबाट पेश हुन आएको प्रतिवेदन र भनाई बेहोराबाट बाल अदालत गठनका सम्बन्धमा कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको मिति २०७९।१०।१३ च.नं. १२८ को पत्रबाट यस सर्वोच्च अदालत र न्याय परिषद् लगायतका विभिन्न निकायहरुबाट राय/प्रतिक्रिया प्राप्त गर्ने उद्देश्यले कार्ययोजना सहितको प्रतिवेदन पठाई सुझाव र प्रतिक्रिया प्राप्त गर्ने प्रक्रियामा रहेको र सो प्राप्त हुनासाथ बाल अदालत गठन सम्बन्धी थप प्रक्रियाहरु अगाडी बढाइने

बेहोरा अवगत भयो। सो बमोजिम भए गरेका काम कारबाहीहरुको प्रगति सन्तोषजनक रुप मै अगाडि बढिरहेको तथा बाल अदालत गठन सम्बन्धमा सम्बन्धित निकायहरु प्रतिबद्ध रहेको भन्ने बेहोरा व्यक्त भएको देखिंदा कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको मिति २०७९।१०।१३ को पत्रबाट माग भएको राय/प्रतिक्रिया सम्बन्धित निकायहरुबाट प्राप्त भए सो तर्फ विचार गरी अन्य थप कार्य प्रगति बारेको प्रतिवेदन कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयबाट लिई प्रस्तुत मुद्दा मिति २०८०।०२।१६ का लागि हेर्दा हेर्दैमा पेशी तोकी नियमानुसार गर्नुहोला भन्ने यस अदालतको मिति २०७९।१२।२० को आदेश।

१२. यस अदालतको मिति २०७९।०५।१५ को आदेश पछि प्रस्तुत निवेदनको सुनुवाईलाई निरन्तरता दिई बाल अदालत स्थापनाका दिशामा भइरहेको प्रगति र आगामी दिनमा गर्न सकिने कामको प्रतिबद्धताका सम्बन्धमा प्रतिवेदन लिने र सुनुवाई गर्ने काम भइरहेकोमा मिति २०८०।०२।१४ सम्म आइपुग्दा समिति गठन गर्ने र प्रतिवेदन लिने काम बाहेक अन्य ठोस उपलब्धि हासिल हुन सकेको भन्ने देखिँदैन। मिति २०८०।०२।१४ को प्रतिवेदनमा न्याय परिषद्, सर्वोच्च अदालत र केन्द्रीय बाल न्याय समितिबाट पनि राय प्रतिक्रिया प्राप्त नभएको भनी उल्लेख भएको देखिएको छ। तसर्थ, देहाय अनुसारका विषयमा स्पष्ट जवाफ सहित मिति २०८०।०३।१२ गते ११ बजे कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय र महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको सचिवहरुलाई उपस्थित हुन जानकारी पठाई नियमानुसार पेश गर्नू –

क. न्याय परिषद् सचिवालय र केन्द्रीय बाल न्याय समितिलाई यस अदालतको मिति २०७९।१२।२० को आदेश पछि उक्त आदेशका सन्दर्भमा राय प्रतिक्रियाका लागि पत्राचार भयो वा भएन ? सो को जवाफका साथै उक्त मिति २०७९।१२।२० को आदेशलाई आधार मानी पुनः राय प्रतिक्रियाका लागि पत्राचार गरी राय प्रतिक्रिया प्राप्त गर्ने,

ख. आ.ब. २०८०।०८१ मा बाल अदालत गठन गर्ने प्रयोजनार्थ बजेट व्यवस्थापन गर्न पहल भएको छ, छैन ? बेहोरा खोल्न लगाउने,

ग. मिति २०८० श्रावण देखि बाल अदालत गठन हुन सक्ने स्थिति हो वा होइन? र होइन भने कुन निकाय वा को-कसको असहयोग वा अकर्मण्यताबाट हुन नसक्ने हो? सो को स्पष्ट विवरण प्राप्त गर्ने भन्ने यस अदालतको मिति २०८०।०२।३० को आदेश।

## यस अदालतको आदेश

१३. नियम बमोजिम पेश हुन आएको प्रस्तुत रिट निवेदनमा उठाइएको विषयको पृष्ठभूमि तर्फ हेर्दा बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ को नेपाल पक्ष राष्ट्र भएपछि जारी भएको तत्कालिन बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ५५(१) ले नेपाल सरकारले न्याय परिषद्को सिफारिसमा आवश्यक संख्यामा बाल अदालत गठन गर्न सक्ने, सोही ऐनको दफा ५५(२) ले प्रादेशिक क्षेत्राधिकार तथा मुकाम तोकी बाल अदालतको गठन गरेको सूचना नेपाल राजपत्रमा प्रकाशन गरिने तथा सोही दफा ५५ को उपदफा (३) मा बाल अदालतको गठन नभएसम्मको लागि प्रत्येक जिल्ला अदालतमा बाल इजलास गठन गरिने भन्ने समेतको कानूनी व्यवस्थाहरु भएको अवस्थालाई हेर्दा बाल इजलासबाट बाल न्याय सम्पादन गर्ने कानूनी व्यवस्था आफैंमा तत्कालिक वा कामचलाउ व्यवस्था हो भन्ने देखिए तापनि हालसम्म बाल अदालत गठन नगरिएको र यसरी कानूनमा व्यवस्था भए बमोजिम बाल अदालतको गठन हुन नसक्दा बाल न्याय सम्पादनको कार्यलाई विशिष्टिकृत र प्रभावकारी तुल्याउने कार्यमा प्रतिकूल प्रभाव पर्न गएको देखिनुका साथै बाल अनुकूलको न्याय पाउने बालबालिकाको संविधानद्वारा प्राप्त मौलिक हकबाट समेत वञ्चित हुनु परेको अवस्था रहेको भन्दै बाल अदालत गठनका लागि विपक्षीहरुका नाममा परमादेश लगायतको उपयुक्त आदेश जारी गरी पाउन माग दावी लिई निवेदकका तर्फबाट प्रस्तुत रिट निवेदन पर्न आएको देखियो।

१४. निवेदकको तर्फबाट पर्न आएको प्रस्तुत रिट निवेदन हेर्दा निवेदकको माग बमोजिम परमादेश लगायतका उपयुक्त आदेश समेत जारी हुनु पर्ने आधारको रुपमा देहायका बुँदाहरु उल्लेख गरेको देखिन्छ :

क. नेपाल पक्ष बनेको बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ बमोजिम

बालबालिका संलग्न मुद्दाको कारबाही र सुनुवाइका लागि विशिष्टिकृत संरचना र कार्यविधिको व्यवस्था हुनु पर्ने भएको,

ख. नेपालको संविधानको धारा ३९(८) मा प्रत्येक बालबालिकालाई बाल अनुकूलको न्याय पाउने हकको प्रत्याभूति गरिएको,

ग. बालबालिकालाई प्राप्त हुनु पर्ने बाल अनुकूलको न्यायको हकको प्रत्याभूति कै लागि साविकमा बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ५५ र हाल प्रचलित बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ३० मा बाल अदालतको गठन गरिने व्यवस्था गरिएको,

घ. नेपाल समेत पक्ष भएको अन्तर्राष्ट्रिय महासन्धि, नेपालको संविधान र प्रचलित कानूनमा व्यवस्था भए तापनि हालसम्म पनि बाल अदालत गठन हुन सकेको अवस्था नरहेको,

ङ. तसर्थ बाल अदालत गठनका लागि विपक्षीहरुको नाममा परमादेश लगायतको उपयुक्त आदेश जारी गरी पाउँ।

१५. उपर्युक्त निवेदन जिकिर रहेको प्रस्तुत रिट निवेदनमा आज सुनुवाइको क्रममा निवेदकको तर्फबाट उपस्थित हुनु भएका विद्वान् अधिवक्ताहरु निवेदक अधिवक्ता श्री अजयशंकर झा "रुपेश", श्री पंकज कुमार कर्ण, श्री विमला यादव र श्री नीशि चौधरीले नेपाल बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ को पक्ष राष्ट्र हुनु नै बाल न्याय सम्पादनमा विशेष कानूनहरु, कार्यविधिहरु, निकायहरु र संस्थाहरु बाट हुने कुराको स्पष्ट स्वीकारोक्ति हो। उक्त महासन्धिको पक्ष राष्ट्र भएपछि जारी भएको तत्कालिन बालबालिका सम्बन्धी ऐन, २०४८ ले बाल अदालतको गठन गर्नु पर्ने स्पष्ट परिकल्पना गरी बाल अदालत गठन नभएसम्म बाल अदालतको अधिकारक्षेत्रको प्रयोग बाल इजलासले गर्ने भन्ने उल्लेख गरिएकोमा लामो समयसम्म बाल अदालत गठन हुन नसकेको अवस्था छ। यस भन्दा अगाडी पनि यसै विषयलाई लिएर रिट निवेदन परेको र उक्त रिट निवेदनमा पनि यथाशिघ्र बाल अदालत गठन गर्नु भनी यसै अदालतबाट आदेश जारी भइसकेको पनि छ। तत्काल प्रचलित बालबालिका सम्बन्धी ऐन, २०४८ लाई प्रतिस्थापन गरी हाल प्रचलनमा रहेको बालबालिका

सम्बन्धी ऐन, २०७५ ले पनि बाल अदालत गठनको आवश्यकतालाई औंल्याएको देखिन्छ। तसर्थ बालबालिकाले गरेको कसूरजन्य कार्यको शुरु कारबाही र किनारा गर्न बाल अदालत गठन गर्नु भनी विपक्षीहरुको नाममा परमादेश लगायतको उपयुक्त आदेश जारी हुनु पर्छ भनी बहस गर्नु भयो।

१६. विपक्षीहरुका तर्फबाट उपस्थित विद्वान् सहन्यायाधिवक्ता श्री गोविन्द खनालले बाल अदालत गठन नभए सम्मका लागि बाल न्याय सम्पादन गर्न बाल इजलास गठन गरिने भनी बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ३०(३) मा व्यवस्था गरिएको छ। उक्त ऐनको व्यवस्था बमोजिम बाल इजलासले बाल अदालतको अधिकारक्षेत्र प्रयोग गरेकोलाई अन्यथा भन्न मिल्दैन। यस अदालतले बाल अदालत गठन गर्न यस पूर्व नै निवेदक सन्तोष कुमार महत्तो विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत भएको परमादेश समेतको रिट निवेदन (ने.का.प. २०६२ अंक ८ निर्णय नं. ७५७८) मा निर्देशनात्मक आदेश जारी भैसकेकाले सो आदेशले नै सम्बोधन गरिसकेको विषयमा नेपाल सरकारले कानून र कार्यविधिहरु निर्माण गरी आवश्यकता र औचित्यको आधारमा बाल अदालत गठनको प्रकृया अगाडी बढाउने नै हुँदा रिट निवेदन खारेज हुनुपर्दछ भनी बहस प्रस्तुत गर्नु भयो।

१७. माथि उल्लेख भए बमोजिम रिट निवेदकका तर्फबाट प्रस्तुत निवेदनमा लिइएका जिकिरहरु, रिट निवेदक तर्फबाट उपस्थित विद्वान् अधिवक्ताहरु र विपक्षीहरुका तर्फबाट उपस्थित विद्वान् सहन्यायाधिवक्ताबाट प्रस्तुत हुन आएका बहस बुँदाहरु तथा मिसिल संलग्न कागजातहरु अध्ययन गरी इन्साफतर्फ विचार गर्दा प्रस्तुत रिट निवेदनका सन्दर्भमा मुख्यतः देहायका प्रश्नहरुको निरुपण गरी निर्णय दिनु पर्ने देखिन आयो:

क. बाल अदालत गठन गर्नु पर्ने विषय नेपाल सरकारको बाध्यात्मक दायित्वको विषय रहेको देखिन्छ वा देखिंदैन ?

ख. बाल अदालत गठन गर्नु पर्ने हो भने सबै जिल्ला र पुनरावेदन तहमा समेत गठन गर्नु पर्ने देखिन्छ वा देखिंदैन ? र,

ग. विपक्षीहरुका नाममा रिट निवेदन माग दावी बमोजिमको आदेश जारी हुनु पर्ने देखिन्छ वा देखिंदैन ?

१८. निरुपण हुनु पर्ने उपर्युक्त प्रश्नहरुमा प्रवेश गर्नु भन्दा पहिले सर्वप्रथम विशिष्टिकृत अदालतको रुपमा छुट्टै बाल अदालत गठनको आवश्यकता र औचित्यका सम्बन्धमा विवेचना गर्नु सान्दर्भिक हुने देखिन्छ। बाल अदालत गठनको सामान्य अभ्यासलाई आधार मान्दा बालबालिका संलग्न विवादको निरुपणका लागि स्थापित विशिष्टिकृत अदालतलाई बाल अदालत भन्ने बुझिन्छ। उमेर पुगेका वा नपुगेका सबै उमेर समूहका व्यक्तिहरुलाई निजहरुसंग सम्बन्धित विवादमा एउटै अदालत र एउटै प्रकृतिको कार्यविधि अवलम्वन गरी निर्णयमा पुगिने परम्परागत अभ्यासको सट्टामा खास उमेर नपुगेका बालबालिकाहरुका लागि छुट्टै विशिष्टिकृत अदालत गठन गरी कारबाही र सुनुवाइ गरिनु पर्छ भन्ने आधुनिक मान्यताको फलस्वरुप बाल अदालत गठनको अभ्यास विकसित हुन आएको पाइन्छ। हुन पनि कुनै पनि बालबालिका जन्मदै अपराधी भएर जन्मदैन। उमेर पुगेको एउटा बालिगले गर्ने कसूर र उमेर नपुगेको एउटा नावालिगले गर्ने कसूरको पछाडि रहने कारण र परिस्थिति एउटै हुँदैन। कुनै नावालक आपराधिक क्रियाकलापमा संलग्न हुन्छ भने समाजमा रहेको खराबीबाट सिकेर वा खराब संगतमा परेर कुनै अन्य मनोवैज्ञानिक कारण वा प्रभावबाट त्यस्तो क्रियाकलापमा संलग्न हुन पुग्ने हुन्छ। नावालकसंग रहने मानसिक अपरिपक्वताको कारण उसले आफैं आपराधिक कार्य गर्ने मनसाय निर्माण गर्न सक्दैन भन्ने मान्यता रहेको छ । एउटा नावालकले सबै अवस्थामा आफूले गरेको आपराधिक कार्यको प्रकृति र परिणाम बुझ्न पनि सक्दैन । त्यसैले उसबाट आपराधिक कार्य हुन गएको अवस्थामा पनि निजको आफ्नै दुरासय र योजनाको कारणले भन्दा पनि अरुको देखासिकी वा लहैलहैमा लागेर वा अरुबाट प्रयोग हुन पुगेको वा अन्य विशेष कारण त्यस्तो कार्यमा संलग्न हुन गएको हुन्छ । त्यसैले एउटा नावालकले गरेको कार्यलाई अपराध नभै गल्ति गरेको मानिन्छ । जब एउटा वालिगले गर्ने आपराधिक कार्यको कारक तत्व र नावालकले गर्ने आपराधिक कार्यको कारक तत्व नै फरक छ भने न्यायिक प्रक्रियामा पनि तिनीहरुलाई फरक फरक रुपमा व्यवहार गरिनु पर्दछ र तिनीहरु संलग्न विवादलाई पनि फरक ढङ्गमा सम्वोधन गरिनु पर्दछ भन्ने मान्यताबाट

बाल न्यायको आधुनिक धारणा विकसित हुन आएको पाइन्छ। खास गरेर बालबालिकालाई अपराधीको रुपमा गरिने व्यवहारबाट मुक्त गरिनु पर्दछ भन्ने आधुनिक सोंच रहेको देखिन्छ। आपराधिक क्रियाकलापमा संलग्न भएकै भए पनि बालबालिकाहरुको बढ्दो उमेर, विकासोन्मुख अवस्था, नयाँ कुरा प्रतिको सिक्ने प्रवृत्तिका कारण एउटा वालिगको तुलनामा बालबालिकाहरुलाई चाँडो सुधार गर्न सकिन्छ र एउटा सभ्य नागरिकको रुपमा समाजमा पुनर्स्थापित गर्न सकिन्छ भन्ने मान्यताबाट प्रभावित भएर उनीहरुलाई कारागारमा होइन, सुधारगृहमा राखिनु पर्छ र कैद होइन, शिक्षा दिनु पर्छ, सर्वोत्तम विकासका लागि अवसर दिइनु पर्छ, उनीहरुको आवश्यकताको सम्वोधन गरिनु पर्छ र न्याय प्रणालीले उनीहरुको अभिभावकत्त्व (Parens Patriae) ग्रहण गर्नु पर्छ भन्ने धारणा स्थापित हुन आएको पाइन्छ। एकजना लेखकले लेख्नुभएको बिचार मननीय छ– "The youth form an essential part of any society. The youth are to be molded to become better adults as they are growing up in society, to become law abiding citizens. They are to be protected, guided and shielded from the evils of the world।"[1] उल्लिखित मान्यतामा आधारित रहेर आजभन्दा एकसय वर्ष अगाडि नै संयुक्त राज्य अमेरिकाको शिकागोमा सन् १८९९ मा छुट्टै विशिष्टिकृत अदालतको रुपमा बाल अदालत गठन भएको पाइन्छ।[2] पहिलो कानूनी व्यवस्थाको रुपमा The Illinois Juvenile Court Act, 1899 जारी भएको पाइन्छ। संयुक्त अधिराज्यमा बालबालिका सम्बन्धी पहिलो कानूनी व्यवस्थाको रुपमा Children Act of 1908 जारी भएको पाइन्छ। पछि English Young Offenders Committee को सिफारिशमा Children and Young Person's Act, 1933 जारी भए पछि ५७ वटा बाल अदालतहरुको स्थापना भएको पाइन्छ। जर्मनीमा छुट्टै बाल अदालतको स्थापना सन् २०२३ मा भएको पाइन्छ। फ्रान्समा पहिलो बाल अदालत सम्बन्धी कानून १९१२ मा आएको देखिन्छ।[3]त्यहाँ सामान्य कसूरहरुका लागि Juvenile Magistrates and Juvenile Courts र गम्भीर कसूरका लागि Juvenile

[1]https://www.bartleby.com/essay/A-Separate-Juvenile-Justice-System-P3W7X29JF99X

[2] https://www.britannica.com/topic/juvenile-court

[3] https://www.slideshare.net/sebis1/childrens-court

Assize Court स्थापना भएको पाइन्छ। भारतमा बाल अधिकार संरक्षण ऐन, २००५ जारी भई Court of Session स्थापना भएकोमा पछि Juvenile Justice (Care and and Protection of Children) Act 2015 पछि Juvenile Justice Board स्थापना भएको पाइन्छ। दक्षिण अफ्रिकामा बालबालिका कै विषयलाई लिएर Children's Act, 2005 को दफा ४२ बमोजिम बाल अदालत (Children's Court) र Child Justice Act, 2008 को दफा ६३ बमोजिम बाल न्याय अदालत (Child Justice Court) गरी दुई प्रकारका विशिष्टिकृत अदालतहरुको स्थापना भएको पाइन्छ। अझ Child Justice Act, 2008 को दफा ८९ बमोजिम नमूनाको रुपमा एकीकृत बाल न्याय केन्द्र (One Stop Child Justice Centre) पनि स्थापना भई संचालनमा रहेको पाइन्छ। अष्ट्रेलियामा बालबालिका सम्बन्धी विवादहरुको कारबाही र सुनुवाई गर्न छुट्टै विशिष्टिकृत बाल अदालत (Children's Court) गठन हुनुका साथै उक्त अदालत भित्र हेरचाह र संरक्षणको विषय (Care and Protection) हेर्न र कसूरजन्य विषय (Criminal Offending) हेर्न छुट्टा छुट्टै विभागहरु खडा भएको देखिन्छ। यसप्रकार संरचनात्मक स्वरुप र क्षेत्राधिकार फरक फरक रहेको देखिए पनि बालबालिकासंग सम्बन्धित विवादहरुको सुनुवाइ र कारबाही गर्ने प्रयोजनका लागि छुट्टै विशिष्टिकृत अदालतको गठन गर्नु पर्ने आवश्यकतालाई मनन गरी बाल अदालत गठन गर्ने अभ्यास आम रुपमा प्रचलनमा रहेको कुरा उल्लिखित तथ्यहरुबाट स्थापित हुन आएको पाइन्छ।

१९. अब बाल अदालत गठन गर्नु पर्ने विषय नेपाल सरकारको बाध्यात्मक दायित्वको विषय रहेको देखिन्छ वा देखिंदैन भन्ने प्रश्नमा बिचार गरौं। बाल अदालत गठनको विषय आ–आफ्नो मुलुकको आवश्यकता, परिस्थिति र स्रोतसाधनको उपलब्धतामा आधारित हुने नीतिगत विषय रहेकोमा विवाद हुन सक्दैन। माथिका प्रकरणहरुमा उल्लेख गरिएको तथ्यहरुबाट पनि सबै मुलुकमा एकैपटक बाल अदालतको गठन भएको भन्ने देखिंदैन। तर जब बाल अनुकूलको न्याय पाउने विषयलाई संविधान मै मौलिक हकको रुपमा मान्यता दिइन्छ र प्रचलित कानून निर्माण गरेर बाल अदालत गठन गर्ने प्रतिवद्धता जाहेर गरिन्छ भने त्यतिबेला यो विषय नीतिगत तह मै मात्र सीमित रहेको मान्न सकिने हुँदैन। बाल अदालत गठन प्रतिको नेपाल सरकारको प्रतिवद्धताका सम्बन्धमा हेर्दा बालबालिकाको विकास तथा कल्याणको लागि आवश्यक संरक्षण तथा

सहयोग प्रदान गरिनु पर्दछ, निजहरुको व्यक्तित्वको पूर्ण तथा सामन्जस्यपूर्ण विकासका लागि उपयुक्त वातावरण दिइनु पर्दछ र तिनीहरुको शारीरिक तथा मानसिक अपरिपक्वतालाई ध्यानमा राखेर विशेष स्याहार र संरक्षणको सुनिश्चितता गरिनु पर्दछ भन्ने उद्देश्यका साथ २० नभम्वर १९८९ मा संयुक्त राष्ट्रसंघको महासभाद्वारा पारित बाल अधिकार महासन्धि २ सेप्टेम्वर १९९० देखि लागू भएकोमा नेपालले उक्त महासन्धिलाई बिना आरक्षण १४ सेप्टेम्वर १९९० मा अनुमोदन गरेर महासन्धिमा उल्लिखित व्यवस्थाहरु प्रतिको प्रतिवद्धता जाहेर गरेको पाइन्छ। उक्त महासन्धिको धारा ३ मा राज्य निकायबाट गरिने बालबालिकासंग सम्बन्धित सबै कार्यहरुमा बालबालिकाको सर्वोत्तम हितको विषयलाई प्राथमिकतामा राखिनु पर्ने व्यवस्था भएको पाइन्छ भने धारा ४० मा फौजदारी कानूनको उलङ्घन गरेको आरोप लागेको बालबालिकालाई निजको प्रतिष्ठा र महत्वको भावनालाई प्रवर्द्धन गर्ने गरी व्यवहार गरिनु पर्ने, त्यस्ता बालबालिकाका लागि विशेष रुपमा लागू हुने खालका कानून, कार्यविधि, निकाय र संस्थाहरु स्थापना गर्नु पर्ने तथा तिनीहरुसंग व्यवहार गर्दा हेरचाह, स्याहार सम्वर्द्धन, शिक्षा, व्यवसायिक तालीम कार्यक्रमहरु जस्ता वैकल्पिक सेवाहरुको उपलब्धता हुनु पर्ने व्यवस्था गरिएको पाइन्छ। उक्त महासन्धिको पक्ष राष्ट्र बने पछि बालबालिकाको हक हितको संरक्षण गरी तिनीहरुको शारीरिक, मानसिक र बौद्धिक विकास गर्न समयानुकूल कानूनी व्यवस्था गर्न वाञ्छनीय भएको भनी नेपालमा बालबालिका सम्बन्धी ऐन,२०४८ जारी भएको पाइन्छ। सोही ऐनको दफा ५५(१) मा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी आवश्यकता अनुसार बाल अदालतको गठन गर्नेछ भन्ने व्यवस्था गरिनुको अतिरिक्त सोही दफा ५५ को उपदफा (२) मा निश्चित अवस्था (दफा २०) मा बाहेक बालबालिका वादी वा प्रतिवादी भएको मुद्दाको शुरु कारबाही र किनारा गर्ने अधिकार बाल अदालतलाई हुनेछ भन्ने व्यवस्था पनि भएको पाइन्छ । तत्कालिन संविधान सभाबाट जारी भएको नेपालको संविधानको धारा ३९ मा बालबालिकाको हकलाई मौलिक हकको रुपमा स्थापित गर्दै सोही धारा ३९ को उपधारा (८) मा प्रत्येक बालबालिकालाई बाल अनुकूलको न्यायको हक हुने कुराको सुनिश्चितता पनि गरिएको पाइन्छ। नेपालको संविधानमा सुनिश्चित गरिएको बाल अनुकूलको न्यायको हकलाई कार्यरुपमा परिणत गर्न बालबालिका सम्बन्धी ऐन,

२०४८ लाई खारेज गरेर नयाँ बालबालिका सम्बन्धी ऐन,२०७५ जारी भएको र उक्त ऐनको दफा ३० को उपदफा (१) मा बालबालिकाले गरेको कसूरजन्य कार्यको शुरु कारबाही, सुनुवाइ र किनारा गर्न नेपाल सरकारले न्याय परिषदको सिफारिशमा आवश्यक संख्यामा बाल अदालत गठन गर्न सक्नेछ भन्ने व्यवस्था गरिएको पाइन्छ। तर बाल अधिकार महासन्धिलाई अनुमोदन गरेको र बाल अदालतको गठन गरिने प्रतिवद्धताका साथ पहिलोपल्ट जारी बालबालिका सम्बन्धी ऐन, २०४८ आएको तीन दशक वितिसक्दासम्म पनि नेपालमा बाल अदालत गठन नगरिएको तथ्य हामी सामू दुःखद परिघटनाको रुपमा रहन आएको छ।

२०. प्रस्तुत रिट निवेदनका सम्बन्धमा नेपाल सरकारका तर्फबाट पेश हुन आएको लिखित जबाफ हेर्दा बाल अदालत गठनको विषय बाध्यात्मक नरहेको र बाल अदालत गठन नभएसम्म बाल इजलासबाट मुद्दा हेरिने व्यवस्था भइरहेको अवस्थालाई उल्लेख गरिएको पाइन्छ। नेपाल सरकारको लिखित जबाफमा उल्लेख भए जस्तो बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ५५ को उपदफा (३) र (४) मा बाल अदालत गठन नभएसम्म बालबालिका वादी प्रतिवादी भएको मुद्दा सम्बन्धित जिल्ला अदालतले हेर्ने र सो प्रयोजनका लागि जिल्ला अदालतमा बाल इजलास रहने व्यवस्था भए अनुरुप हालसम्म त्यस्ता मुद्दाहरु बाल इजलासबाट कारबाही र किनारा भई आएको तथ्यमा विवाद छैन। बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ३०(३) मा पनि बाल अदालत गठन नभएसम्मको लागि बाल अदालतबाट हेरिने कसूरजन्य कार्यको कारबाही र किनारा गर्न प्रत्येक जिल्ला अदालतमा बाल इजलास गठन गरिने व्यवस्था भएको र सोही अनुरुप त्यस्तो मुद्दाहरुको कारबाही र किनारा बाल इजलासबाट भई आएकै अवस्था रहेको पनि छ। तर बाल अदालतबाट हेरिने मुद्दाहरु बाल इजलासबाट कारबाही र किनारा भई आएको विषय सो सम्बन्धी स्थायी संस्थागत प्रबन्ध नभई बाल अदालत गठन नभएसम्मका लागि गरिएको अन्तरिम प्रकृतिको व्यवस्था हो भन्ने बुझ्नु पर्दछ। बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ३०(३) मा प्रयुक्त "बाल अदालत गठन नभएसम्मको लागि . . . बाल इजलास गठन गरिनेछ" भन्ने शब्दावलीबाटै सो तथ्य स्पष्ट हुन्छ। यस भन्दा पहिलेको बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ५५(३) मा पनि यस्तै शब्दावलीको प्रयोग भएको पाइन्छ। बालबालिका संलग्न मुद्दाको

कारबाही र किनारा अन्य बालिग व्यक्तिहरु संलग्न मुद्दा भन्दा फरक ढङ्गबाट गरिनु पर्ने आवश्यकतालाई कम्तिमा पनि यस्ता मुद्दाहरु बाल इजलासबाट हेरिने गरी व्यवस्था भएकोबाट आत्मसात गरिएकै मान्नु पर्ने हुन्छ। तर काम चलाउ रुपमा बालइजलासबाट हेरिने अन्तरिम प्रक्रियाले एउटा विशिष्टिकृत अदालतको रुपमा बाल अदालतबाट हेरिए जस्तो परिणाम नआउने निश्चित छ। किनभने बालबालिका संलग्न मुद्दाहरु बाल इजलासबाट हेरिने भन्ने भए पनि सो प्रयोजनकै लागि मात्र भनेर कुनै न्यायाधीशलाई पूर्णकालीन रुपमा तोकिएको अवस्था छैन। बाल इजलासको लागि भनेर बालमैत्री रुपमा कारबाही, सुनुवाइ र किनारा गर्न सकिने कुनै उपयुक्त पूर्वाधार पनि हालसम्म बन्न सकेको देखिंदैन। बाल अदालत संचालनको विशिष्टिकृत मान्यता अनुरुपको विशेषज्ञता र क्षमता विकासको अवसर पनि न्यायाधीशहरुलाई प्राप्त हुन सकेको छैन। बाल इजलासमा समाजसेवी र बालमनोविज्ञ वा बालविशेषज्ञ पनि रहने व्यवस्था त गरिएको छ तर निजहरुले पाउने पारिश्रमिक र सुविधामा निश्चितता नहुँदा तिनीहरुको सेवाको उपलब्धतामा निरन्तरता कायम हुन नसकेको अवस्था छ। उही न्यायाधीश बालबालिकाको मुद्दामा पनि संलग्न हुनु पर्ने र अन्य नियमित मुद्दाको कारबाहीमा पनि संलग्न हुनु पर्ने भएबाट कानूनले प्राथमिकता दिए वावजूद बालबालिकाका मुद्दाको कारबाहीले प्राथमिकता पाउन नसकेको अवस्था पनि देखिएको छ। हाल एउटै अदालतमा ५०० भन्दा बढी संख्यामा बालबालिकाका मुद्दाहरु कारबाहीयुक्त रहेको देखिंदा कार्यबोझ पनि वृद्धि हुँदै गइ रहेको देखिएको छ। यो स्थितिले गर्दा बाल अदालतको विकल्प हाल चलि आएको बाल इजलास हुन नसक्ने प्रष्ट छ।

२१. नेपालमा बाल अदालत स्थापनाको सन्दर्भलाई लिएर परेको प्रस्तुत रिट निवेदन पहिलो पनि होइन। यस भन्दा अगाडि पनि बाल अदालत गठनका लागि परमादेश समेतको माग गरी रिट निवेदनहरु परेको र यस अदालतबाट आदेश पनि जारी भएको पाइन्छ। पहिलो पटक महिला तथा समाज कल्याण मन्त्रालय समेतलाई विपक्षी बनाई अधिवक्ता बालकृष्ण मैनालीको तर्फबाट २०५४ सालको रिट नं. २९८२ को रिट निवेदन दायर भएकोमा मन्त्रिपरिषद सचिवालय र महिला तथा समाज कल्याण मन्त्रालयको तर्फबाट लिखित जबाफ फिराउँदा भौतिक एवं मानवीय पूर्वाधारहरुको व्यवस्था भए पछि क्रमशः बाल अदालत गठन गर्ने कार्य प्राथमिकताका साथ हुने भनी

उल्लेख गरिएको देखिन्छ भने लिखित जवाफमा उल्लिखित सोही व्यहोरामा विश्वस्त भई यस अदालतबाट मिति २०५७।२।३ मा रिट निवेदन खारेज हुने ठहराई फैसला भएको पाइन्छ। त्यस पछि २०६१ सालमा प्रधान मन्त्री तथा मन्त्रिपरिषदको कार्यालय समेतलाई विपक्षी बनाई सन्तोष कुमार महतोका तर्फबाट २०६१ सालको विशेष रिट नं. ६० को रिट निवेदन परेको पाइन्छ। उक्त रिट निवेदनमा मिति २०६२।८।९ मा यस अदालतको विशेष इजलासबाट फैसला हुँदा "ऐनले श्री ५ को सरकारलाई तत्कालको लागि भनी दिएको सुविधा सदाका लागि त्यही रुपमा रही रहनु पर्छ भन्न चाँहि वाञ्छनीय हुँदैन। बालबालिका सम्बन्धी मुद्दाहरुको शुरु कारबाही र किनारा गर्न बाल अदालत गठन हुनु पर्ने कुरा ऐनको वाध्यात्मक व्यवस्था हो। यस दायित्वबाट श्री ५ को सरकार विमुख हुन सक्ने अवस्था छैन। श्री ५ को सरकारले पाउने सुविधा भनेको आवश्यकता अनुसार गठन गर्न सक्ने हो तर बाल अदालत नै गठन नगर्ने भन्ने चाँहि होइन। बाल अदालत गठन नभएसम्मका लागि गरिएको बाल इजलास मात्र स्थापना गरी सरकारको कर्तव्य पूरा भएको मान्न मिल्दैन। यसतर्फ श्री ५ को सरकारको ध्यान जानुपर्छ। ऐनले नै बाल अदालत गठन गर्नु पर्ने कुरालाई प्राथमिकता क्रममा अगाडि राखी सकेको र सो गठन गर्ने तर्फ पाँच वर्ष अगाडि नै लिखित प्रतिवद्धता समेत व्यक्त भइसकेको परिप्रेक्ष्यमा बाल इजलास गठन सम्बन्धी अल्पकालीन प्रबन्धले श्री ५ को सरकारको सो दायित्व पूरा भएको मान्न मिल्दैन" भन्दै बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ५५(१) मा उल्लेख भए अनुसार बाल अदालत स्थापना गर्नु पर्ने दायित्व श्री ५ को सरकारको देखिएकोले सो कानूनी व्यवस्था बमोजिम बाल अदालत स्थापना गर्ने कार्य शीघ्र अगाडि बढाई त्यसको जानकारी यस अदालतको अनुगमन तथा निरीक्षण महाशाखालाई गराउनु भनी प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय समेतको नाममा निर्देशनात्मक आदेश जारी भएको पाइन्छ। यति मात्र पनि होइन, नेपाल सरकार मन्त्रिपरिषदबाट मिति २०६९।१।४ मा स्वीकृत बालबालिका सम्बन्धी राष्ट्रिय नीति, २०६९ को बुँदा नं. १० मा पनि बाल न्याय सम्बन्धी मुद्दाको कारबाही र किनारा गर्न काठमाडौं जिल्लामा तत्काल बाल अदालत गठन गरी क्रमशः अन्य जिल्लामा पनि बाल अदालत स्थापना गरिने छ भन्ने कुराको प्रतिवद्धता जाहेर गरिएको पाइन्छ। बालबालिका सम्बन्धी ऐनमा

भएको व्यवस्था र मन्त्रिपरिषदबाट स्वीकृत बालबालिका सम्बन्धी राष्ट्रिय नीतिमा व्यक्त प्रतिवद्धता तथा यस अदालतबाटै आदेश जारी भए वावजूद पनि हालसम्म बाल अदालत स्थापना हुन नसकेको यथार्थता हाम्रो सामू छ।

२२. निवेदकले कम्तिमा १०० वा सो भन्दा बढी बालबालिका संलग्न मुद्दाहरु भएका जिल्लाहरुमा बाल अदालत गठन हुनु पर्ने भनी माग दावी लिनु भएको देखिन्छ। बाल अदालत गठन गर्ने प्रयोजनका लागि बालबालिका संलग्न कति मुद्दाहरुको कार्यबोझलाई आधार मान्ने भन्ने विषय सो प्रयोजनका लागि न्यायपरिषदबाट निर्धारित मापदण्डलाई आधार मान्ने वा छुट्टै मापदण्ड निर्धारण गर्ने भन्ने कुरा सम्बन्धित निकायहरुले गर्ने नीतिगत निर्णयमा भर पर्ने कुरा हो। खास गरेर बालबालिका संलग्न मुद्दाको कारबाही र सुनुवाइ अन्य नियमित प्रकृतिका मुद्दामा भन्दा भिन्न किसिमबाट गर्नु पर्ने हुनाले अन्य मुद्दाको लागि निर्धारित मापदण्ड यो प्रयोजनका लागि व्यावहारिक नहुन पनि सक्छ। यो कुरा बाल अदालतलाई दिइने भूमिकामा पनि भर पर्ने कुरा छ। त्यसैले यति नै मुद्दा संख्या भएको जिल्ला भनेर मुद्दाको संख्यालाई मात्र आधार मानेर यो भन्दा बढी मुद्दा संख्या भएको जिल्लामा बाल अदालत गठन गर्नु भनी आदेश जारी गर्न मनासिब हुने देखिंदैन। साथै जिल्ला तह मै पनि बाल अदालत गठनको विषय यति गम्भीर र पेचिलो बनिरहेको सन्दर्भमा अहिले नै पुनरावेदन तहमा पनि छुट्टै संरचना बन्नु पर्छ भन्नु युक्तिसंगत नहुन सक्छ। तर बाल अदालत गठनका सम्बन्धमा २०४८ साल कै बालबालिका सम्बन्धी ऐनमा व्यवस्था भएको, सो व्यवस्थालाई हालको बालबालिका सम्बन्धी ऐन, २०७५ मा पनि निरन्तरता दिइएको, नेपाल सरकार, मन्त्रिपरिषदबाटै स्वीकृत बालबालिका सम्बन्धी राष्ट्रिय नीति, २०६९ मा पनि कम्तिमा काठमाण्डौं जिल्लामा तत्काल बाल अदालत गठन गरिने भनी प्रतिवद्धता जाहेर गरिएको अवस्था रहेको र यस सर्वोच्च अदालतबाट पनि बाल अदालत गठनका लागि आदेश जारी भइरहेको अवस्थामा अब बाल अदालत गठनको विषय गरे पनि हुने नगरे पनि हुने भन्ने किसिमको हलुका विषय मात्र बन्नु हुँदैन भन्ने यस अदालतको धारणा रहेको छ । संविधान र कानूनमा व्यवस्था गर्ने, ती व्यवस्थाहरुलाई आधार बनाएर कानूनमा भएको व्यवस्थाको कार्यान्वयनका लागि अदालतमा रिट निवेदन परी रहने अनि अदालतबाट पनि कानूनमा भएको व्यवस्थाको कार्यान्वयनको लागि आदेश जारी गरी रहने तर

सरकारले यस्ता व्यवस्था र आदेशको सम्बन्धमा कुनै जानकारी नै नराखे सरह अनदेखा गरी रहने हो भने विधिको शासनको मूल्य र मान्यताको मात्र विपरीत हुने नभई नेपालको संविधानको धारा १२८(४) मा मुद्दा मामिलाको रोहमा सर्वोच्च अदालतले गरेको कानूनको व्याख्या र प्रतिपादन गरेको सिद्धान्त सबैले पालन गर्नु पर्ने गरी भएको व्यवस्थाको पनि विपरीत हुन जाने देखिन्छ । यो देशमा प्रत्येक नयाँ प्रणालीको स्थापनाको लागि सामान्य मार्ग अवलम्बन गरेर मात्र पुग्दैन, या त हावाहुरी नै आउनु पर्छ या शक्तिशाली दबाब र प्रभाव पारिनु पर्छ भन्ने सोंचको विकास हुन दिनु राष्ट्र कै हितमा पनि उचित हुन सक्दैन।

२३. प्रस्तुत रिट निवेदनमा यसै इजलासले बाल अदालत गठनको कार्यलाई परिणाममुखी बनाउने उद्देश्यले प्रस्तुत रिट निवेदनको कारबाहीलाई हेदहिदैंमा राखी विपक्षी नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयका प्रतिनिधिहरु समेत सँग मिति २०७९।०९।२४ मा इजलासमा छलफल गरिएकोमा अबको २ महिना सम्ममा बाल अदालत स्थापना गर्ने निर्णय गर्ने सम्मको कार्य सम्पन्न हुन सक्ने जानकारी गराइएको र सोही आधारमा बाल अदालत गठनको प्रगति विवरण लिई आउन मिति २०७९।१२।०२ का लागि छलफल पेशी तोकिएकोमा उक्त पेशीमा मात्र नभई हाल सम्म पनि उक्त प्रतिवद्धता अनुसार बाल अदालत गठनमा उल्लेख्य प्रगति भएको पाइदैन।सो पेशी पश्चात पनि प्रस्तुत रिट निवेदन हेर्दा हेर्दैमा राखी नेपाल सरकारका सचिव स्तरका प्रतिनिधिहरु समेत सँग इजलासमा छलफल गरिएकोमा बाल अदालत गठनको दिशामा नेपाल सरकारबाट उल्लेखनीय उपलब्धि हासिल हुन नसकेको देखिएको छ।विश्वका अधिकाँश मुलुकहरुमा बालबालिका संलग्न मुद्दाहरुलाई विशेष दृष्टिकोणबाट हेर्नु पर्ने आवश्यकतालाई मनन गरी त्यस्ता मुद्दाहरुको कारबाहीका लागि विशेष प्रकृतिको संरचनाको व्यवस्था गरिएको विषयमा माथिका विभिन्न प्रकरणहरुमा प्रतिनिधि उदाहरणको रुपमा विवेचना गरी सकिएकै छ।नेपालमा पनि यो आवश्यकतालाई महशुस गरी संविधान मै बाल अनुकूलको न्याय पाउने विषयलाई मौलिक हकको रुपमा मान्यता दिनुका अतिरिक्त बालबालिका संलग्न मुद्दाको सुनुवाइ र कारबाहीका लागि छुट्टै बाल अदालत गठन गरिने सम्बन्धमा कानूनी व्यवस्था भएको पनि पाइन्छ।तर यी संवैधानिक र कानूनी व्यवस्थाहरु देखाउनका आलंकारिक

शब्दावलीहरु लागि हुन्, सही अर्थमा कार्यान्वयनका लागि होइनन् भने जस्तो गरी कानूनी व्यवस्था भएकै तीन दशक भन्दा बढी समय वितिसक्दासम्म एउटा बाल अदालत पनि गठन नगरिनु भनेको स्रोत र साधनको अपर्याप्तता मात्र कारण हो भन्ने यो अदालतलाई लागेको छैन । यो एकातिर सरकारको प्रतिवद्धताको कमी हो भने अर्कोतर्फ जिम्मेवार पदाधिकारीहरुमा जिम्मेवारीपन एवं समष्टिगत रुपमा सुशासनको अभाव नै हो भन्ने निष्कर्षमा पुग्नुमा कुनै अत्युक्ति छैन ।

२४. यसप्रकार नेपालको संविधानमा बाल अनुकूलको न्याय पाउने विषयलाई बालबालिकाको मौलिक हकको रुपमा मान्यता दिइएको देखिएको, बालबालिका सम्बन्धी ऐन, २०४८ देखि नै बाल अदालतको गठन सम्बन्धमा कानूनी व्यवस्था गरिएकोमा हाल प्रचलित बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ३० मा पनि सो व्यवस्थालाई निरन्तरता दिइएको देखिएको, नेपाल सरकार, मन्त्रिपरिषदबाट स्वीकृत बालबालिका सम्बन्धी राष्ट्रिय नीतिमा पनि बाल अदालत गठनको विषयमा प्रतिवद्धता जाहेर गरेको देखिएको तथा यस सर्वोच्च अदालतबाट सन्तोष कुमार महतो रिट निवेदक भएको २०६१ सालको विशेष रिट नं. ६० मा मिति २०६२।८।९ मा फैसला[4] हुँदा पनि नेपाल सरकारका नाममा बाल अदालत गठन गर्न आदेश जारी भइरहेको अवस्था देखिंदा अब बाल अदालत गठनको विषय नेपाल सरकारको स्वेच्छाको विषयमात्र मान्न मिल्ने नहुँदा कति मुद्दा संख्या रहेको जिल्लामा बाल अदालत गठन गर्ने हो भन्ने सम्बन्धमा न्याय परिषदसंगको परामर्शमा आवश्यक मापदण्ड निर्धारण गरी यसै आर्थिक वर्ष भित्र बाल अदालत गठन गर्नु गराउनु भनी नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय र महान्यायाधिवक्ताको कार्यालयका नाममा परमादेशको आदेश जारी हुने ठहर्छ। आदेशानुसार गर्नु भनी आदेश जारी भएका सम्बन्धित निकायहरुका नाममा आदेशको प्रतिलिपि सहित लेखी पठाइ यो आदेशको कार्यान्वयन भए नभएको सम्बन्धमा अनुगमन गर्न यस अदालत मातहतको फैसला कार्यान्वयन निर्देशनालयका नाममा समेत लेखी पठाउनु र प्रस्तुत रिट निवेदनको लगत कट्टा गरी

[4] ने. का. प., २०६२ अंक ८ नि नं ७५७८

फैसला यस अदालतको विद्युतीय प्रणालीमा प्रविष्ट गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाइदिनु ।

(तिल प्रसाद श्रेष्ठ)

न्यायाधीश

उक्त रायमा सहमत छु।

(अनिल कुमार सिन्हा)

न्यायाधीश

**इजलास अधिकृत (उपसचिव)** : निराजन पाण्डे, मोहन प्रसाद बेलबासे, विमल रेग्मी

**कम्प्युटर अपरेटर** : अमिररत्न महर्जन

**ईति संवत् २०८० साल आश्विन ७ गते रोज १ शुभम् ..............................।**